आज मिति २०७५ फाल्गुन २६ गते यस कैलाश गाउँकार्यपालिकाको नवौं कार्यपालिका बैठकका गाउँपालिका अध्यक्ष श्री टंक वहादुर मुक्तान ज्युको अध्यक्षतामा देहायका कार्यपालिकाका सदस्यहरुको उपस्थितमा बैठक बसी निम्न प्रस्ताव माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो ।

उपस्थितः-

१-श्री टंक वहादुर मुक्तान-अध्यक्ष

२-श्री सुकुमाया थिङ्ग-उपाध्यक्ष

३-श्री पेमा योन्जन-वडा अध्यक्ष-१

४-श्री राजेन्द्र घिसिङ्ग- वडा अध्यक्ष-२

५-श्री देव लाल वल- वडा अध्यक्ष-३

६-श्री तिलक वहादुर मुक्तान- वडा अध्यक्ष-४

७-श्री छेकु लामा- वडा अध्यक्ष-५

८-श्री ठुलो कान्छा लामा- वडा अध्यक्ष-६

९-श्री उदाश कुमार झ्लोन- वडा अध्यक्ष-७

१०-श्री सुर्ज वहादुर थिङ्ग- वडा अध्यक्ष-८

११-श्री सुमन लटौला- वडा अध्यक्ष-९

१२-श्री माणिक लाल मुक्तान- ,वडा अध्यक्ष-१०

१३-श्री लक्ष्मी मुक्तान-का.पा.सदस्य

१४-श्री आषिज प्रजा- का.पा.सदस्य

१५- श्री राममाया प्रजा- का.पा.सदस्य

१६-श्री फुलमाया सिन्तान- का.पा.सदस्य

१७-श्री गोविन्द वि.क.- का.पा.सदस्य

१८-श्री संगिता प्रजा- का.पा.सदस्य

१९-सदस्य सचिव श्री टंक वहादुर नेगी-प्र.प्र.अ.

२०-बैठक ब्यवस्थापन सहायक-श्री चुन नारायण श्रेष्ठ-ना.सु.

<u>कार्यपालिकाको बैठकको एजेन्डाहरु</u>

१) स्थायी बन्ध्याकरण सेवाग्राही लाई प्रोत्साहन तथा कार्यक्रम खर्च सम्बन्धमा

२) चुनिया, खैराङ सडक स्तरिकरण तथा कालोपत्रे सम्बन्धमा ।

३) कार्यक्रम प्रस्ताव सम्वन्धमा।

४) नेल्टाको कार्यक्रममा सहयोग रकम अनुमोदन सम्वन्धमा ।

५) मेड्पा कार्यक्रमको लागी वडा वस्ति छनौट सम्वन्धमा ।

६) सभा हलको ब्यवस्थापन सम्बन्धमा ।

७) आर्थिक सहयोग सम्बन्धमा ।( फुटबल सहित)

८) स्पस्टीकरण सम्बन्धमा ।

९) पिपिआर भ्याक्सिन सम्बन्धमा ।

१०) अदुवा ब्लक कार्यक्रमलाई जोनमा बडोत्तरी गर्ने सम्बन्धमा ।

११) प्रदेश कृषि मन्त्रालय कृषि ज्ञान केन्द्रमा प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

१२) कृषि चुन तथा अदुवा बिउ खरिद सम्बन्धमा ।

१३) मिनी टेलर वितरण सम्बन्धमा ।

१४) गाउँपालिकाको आवधिक योजना निर्माण सम्बन्धि प्रस्तावना माग गर्ने

१५) राष्ट्रपति रनिङ शिल्ड सम्बन्धमा।

१६) खेलकुद मैदान निर्माण कैंलाश ६ सम्बन्धमा ।

१७) खेलकुद बिकास समिति गठन सम्बन्धमा

१८) कानुन विज्ञ परामर्श सेवा सम्बन्धमा ।

१९) रेफ्रिजेटर ( फ्रीज) को भुक्तानी सम्बंन्धमा ।

२०) गाडी भाडाको म्याद थप सम्वन्धमा।

२१) योजना सम्झौताको म्याद थप सम्बन्धमा ।

२२) गोगने स्वास्थ्य चौकीको घडेरीलाई बजेट थप सम्वन्धमा ।

२३) प्रा.बि.कटहरेको घडेरी खार्न बजेट विनियोजन सम्वन्धमा ।

२४) भवानी मा.बी.घडेरी खार्न बजेट थप सम्वन्धमा ।

२५) औषधी ढुवानी रकम बिनियोजन सम्बन्धमा ।

२६) खरको छाना बिस्थापित बस्ती छनौट सम्वन्धमा ।

२७) शिक्षा शाखामा शिक्षक खटाउने सम्वन्धमा ।

२८) अंपाङ्गता कार्यविधी निर्माण सम्बन्धमा ।

२९) छात्रबृद्धी (प्राविधिक) रकम सम्वन्धी सूचना प्रकाशित गर्ने ।

३०) वडा कार्यालय भवन सम्म बाटो निर्माणमा थप रकम सम्वन्धमा ।

३१) गाँउ सभाको मिति तय गर्ने सम्वन्धमा ।

३२) वडा स्तरिय सडकको वर्गिकरण सम्वन्धमा ।

३३) सरकारी तथा ब्यक्तिको जग्गा पहिचान गराउने सम्वन्धमा ।

निर्णय-

नि.नं.०१-प्र.नं.१ माथी छलफल गर्दा यस गाँउपालिकाको बार्षिक कार्यक्रम बमोजिम परिवार नियोजन (पुरुष) स्थायी बन्ध्याकरण गर्ने शिविर संचालन तथा कार्यक्रमको लागी रु.१ लाख बिनियोजन भएकोमा सेवाग्राहीहरुलाई प्रोत्साहन बापत प्रति व्यक्ती रु.१५००।(एक हजार पाँच सय) रु ५०हजार र रु.५० हजार कार्यक्रम खर्च गर्ने निर्णय गरियो ।

नि.नं.-२-प्र.नं.२ माथी निर्णय गर्दा प्रदेश सरकार शसर्त अनुदान अन्तर्गत चुनिया,खैराङ सडक स्तरिकरण तथा कालोपत्रेको लागी बिनियोजन भएको रकम रु.५० लाख मध्येवाट DPR को लागी रु.५ लाखबाट भार्ता मानेभन्ज्याङ्ग देखी पाखे सम्म कार्य गर्नका लागी र बाँकी रकम सडक स्तरीकरण गर्नका लागी बिनियोजन गर्ने निर्णय गरियो ।

नि.नं.-३-प्र.नं.३माथी छलफल गर्दा मिति २०७५।७।२८ मा कार्यक्रम संचालन गर्नको लागी सूचना प्रकाशित भए बमोजिम म्याद भित्र पर्न आएका प्रस्तावहरु मुल्यांकन समितिले मिति २०७५।८।१८ मा प्रस्ताव खोली मुचुल्का तयार गरेकोमा पर्न आएका प्रस्तावहरु मध्येबाट देहायको प्रस्ताब स्वीकृत गरी सम्बन्धित पक्षलाई सम्झौताको लागी सुचना गर्ने निर्णय गरियो ।

तपसिलः-

१-लागु औषध न्युनिकरण तथा बैकल्पिक कार्यक्रम सार्बजनिककरण –

क-समुदायको लागी बिकास संस्था नेपाल मनहरि-७

२-कर्मचारी तथा पदाधिकारीहरुलाई कम्पुटर तालिम-

क-स्टेप अहेड प्रा.लि. हेटौडा -४

३-युवा उंघमशिलता तालिम-

क-करुवा क्रियशन काठमाण्डौं।

४-पत्रकारिता तथा उद्दघोषण तालिम-

क-फिलिङ्गो मिडिया काठमाण्डौं ।

५-बातावरणिय प्रभाव परिक्षण तथा मुल्यांकन नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्यक्रम-

क- न्यु प्लानेट इन्जिनियरिङ्ग सर्भिसेस प्रा.लि.काठमाण्डौ।

नि.नं.०४-यस माथी निर्णय गर्दा नेल्टाको कार्यक्रमलाई रु.८० हजार सहयोग दिएकोमा उक्त खर्च अनुमोदन गर्ने निर्णय गरियो।

नि.नं.-५-यसमा निर्णय गर्दा मेडपाको कार्यक्रम साबिक भार्तामा (वडा नं.८) महिला सशक्तिकरण तथा गरिबी निवारण समुह हेटौडा-२ ले गर्ने नियमित तर्फ घरेलु कार्यालयले साबिक नामटार ( वडा नं. ९) को बस्ती छनौट गर्ने निर्णय गरियो ।

नि.नं.-६-यस माथी निर्णय गर्दा गाँउपालिकाको सभाहल व्यवस्थापन गर्न कार्यालयहरुमा नेटवर्किङ जडान शिर्षकको रु.७ लाख मध्येवाट स्टेमेट रकम रु.२७७६६५।– बाट उक्त कार्य को लागी खर्च गर्ने निर्णय गरियो।

नि.नं.-७-आर्थिक सहयोग माग भएकोमा देहायहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो।

क)क्यान्सर पिडित वडा नं.४ का डबल घलान रु.१००००।

ख)वडा नं.१० का संगिता प्रजालाई रु.१००००।

ग)स्वंय सेविका १ का नानीमाया मुक्तानलाई रु.१००००।

घ) केशबलाल श्रेष्ठ स्मृति प्रतिष्ठान भलिवल कार्यक्रम रु.५००००।

नि.नं.०८-यस माथी निर्णय गर्दा यस गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री टंक बहादुर नेगी पटक पटक बिना सुचना अनुपस्थिति रहि कार्यालयको कामकाजमा अप्ठेरो सृजना गरेको, गाउपालिकाको ऐन कानुन बिपरित कार्य गरेको, गाउँपालिकाको आवश्यक सुचनाहरु संप्रेसण गर्दा बिना निर्णय महंगो र खर्चिलो हुने किसिमको बिज्ञापन सम्झौता गरि गाउँपालिकालाई आर्थिकभार पुर्याउने काम गरेको, मौसमी कृषि कार्यक्रम संचालन नगरी अबरुद्ध गरेको, निर्वाचित जनप्रतिनीधिहरु लाई कार्यालयमा दैनिक हाजिर गर्नु पर्ने जस्ता प्रतिनीधिहरुको मानमर्दन हुने निकृष्ट व्यवहार प्रस्तुत गरेको साथै जनप्रतिनीधिको क्षेत्राधिकारमा समेत हस्तक्षेप गरि गाउपालिकाको कामकाजमा असहयोग गरेको हुदा माथि उल्लेखित बिबिध कार्यहरु के कति कारणबाट भएको हो ७ दिन भित्र

गाउँपालिका अध्यक्ष समक्ष चित्त बुझ्दो लिखित स्पष्टिकरण पेश गराउन आजको गाउँपालिकाको बैठकबाट [illegible] निर्णय प्रतिलिपी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जानकारी को लागी पेश गर्ने निर्णय गरियो ।

नि.नं.९-यस माथी निर्णय गर्दा गाँउपालिका क्षेत्रमा बाखालाई पिपपिआर भ्याक्सिनको लागी १५०० वटालाई [illegible] को लागी बजेट बिनियोजन भएकोमा उक्त खोप वडा नं. ३,५,९ र १० मा लगाउने र नपुग १५५०० खोप भेटनरि अस्पताल तथा सेवा बिज्ञ केन्द्र,हेटौडा संग माग गर्ने निर्णय गरियो ।

नि.नं.-१०-यस माथी निर्णय गर्दा यस गाँउपालिका क्षेत्रमा आ.व.२०७४/०७५ देखी संचालन हुदै आएको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अदुवा ब्लक कार्यक्रम लाई स्तर बृद्धिको लागी प्रगति प्रतिबेदन सहित कृषि मन्त्रालय तथा कृषि ज्ञान केन्द्र चितवनमा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.११-यस माथी निर्णय गर्दा प्रदेश कृषि मन्त्रालय तथा कृषि ज्ञान केन्द्रबाट सुचना प्रकाशित भए बमोजिम तरकारी ,मकै,अदुवा, मौरीपाला आदी जस्ता कार्यक्रमहरु माग गर्न समुह तथा सहकारी, व्यक्ती फर्महरुले यहि २०७५ फाल्गुन ३० गते सम्म प्रस्तावाना पेश गर्न जानकारी गराउने निर्णय गरियो।

नि.नं.१२-यस माथी निर्णय गर्दा माटो उपचारको लागी चाहिने कृषि चुन आबश्यक मात्रामा तत्काल ढुवानीको व्यवस्था गर्ने र अदुवा ब्लकको लागी मुल बिउको लागी कपुरकोटको अदुवा बाली अनुसन्धान केन्द्रबाट र अन्य उन्नत जातको बिउ यहि ब्लक क्षेत्रको स्थानिय कृषकहरुसंग प्रचलित मुल्यमा खरिद गर्ने निर्णय गरियो ।

नि.नं.-१३-यस माथी छलफल गर्दा मिनिटिलर बितरण कार्यक्रमको लागी बिनियोजन भएको रकम रु.२० लाखबाट गाँउपालिकाको दशै वडमा ५ वटाका दरले अनुदानमा दिने र यहि मिति २०७५ चैत्र ५ गते सम्म निवेदन दिन समय दिने र सो समय सम्म नआएमा माग गरेका कृषक समुहहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.१४-यस गाँउपालिकाको पन्चवर्षिय अवधिक योजना निर्माण कार्यको लागी स्वीकृत कार्यक्रम अनुसार प्रस्तावान् आव्हान गर्ने निर्णय गरियो ।

नि.नं.१५-यस गाँउपालिका स्तरिय राष्ट्रपति शिल्ड प्रतियोगिता यहि मिति २०७५ चैत्र मसान्त भित्रमा संचालन गर्नको लागी गाँउपालिका स्तरिय खेलकुद बिकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

नि.नं.१६-यस माथी निर्णय गर्दा भलिवल प्रशिक्षण कार्यक्रम केशब लाल स्मृति केन्द्रिय प्रतिष्ठान र गाँउपालिका स्तरिय खेलकुद बिकास समितिलाई संचालन गर्नको लागी दिने निर्णय गरियो ।

नि.नं.१७-यस माथी छलफल गर्दा कैलाश -६ को भुजुङ्गेमा खेलकुद मैदान निर्माणको लागी रु.१२००००।(एक लाख बिस हजार) आकष्मिक कोष(पुर्बाधार) बाट दिने निर्णय गरियो।

नि.नं.१८- यस गाँउपालिकाको खेलकुद बिकास समितिमा तपसिल बमोजिम गटन गर्ने निर्णय गरियो ।

तपसिल-

संयोजक-छेकु लामा वडा अध्यक्ष-५

सह-संयोजक-उदास कुमार भ्लोन वडा अध्यक्ष-७

उक्त समितिबाट तत्कालै बैठक राखी समितिलाई पुर्णता प्रदान गरि कार्यक्रम संचालन गर्ने गराउने निर्णय गरियो।

नि.नं.१९-यस माथी फलफल गर्दा गाँउपालिकालाई आबश्यक पर्ने नियम,कानुन,निति निर्माण गर्नको लागी बिज्ञ परामर्श सेवाको लागी बिज्ञ नियुक्तीको लागी सुचना आव्हान गर्ने निर्णय गरियो ।

नि.न.२०-पशु शाखाको लागी खरिद गरेको फ्रिज रु.३००००।(तिस हजार) आकष्मिक कोष (पुर्बाधार पुजिगत) बाट दिने निर्णय गरियो ।

नि.नं.२१-यस गाँउपालिकाबाट लिई आएको भाडा सुमो १९११ को म्याद मिति २०७५ माघ सम्म भएकोमा गाँउपालिकाको योजना अनुगमन तथा निरिक्षणको कार्य आबश्यक भएको र गाँउपालिकाको अन्य सवारी साधन नभएकोले उक्त सुमो साबिकको [illegible] २०७५ चैत्र [illegible]

नि.नं.२२-यस गाँउपालिकाबाट सम्झौता भएका योजनाहरुको काम समय भित्रमा सम्पन्न गर्न नसकेको भनि निवेदन पर्न आएकोमा देहायका योजनाहरु मिति २०७५ चैत्र मसान्त सम्मको लागी म्याद थपको लागीं निर्णय गरियो।

१-गैरीगाँउ खा.पा. योजना कैलाश-९

२-स्वास्थ्य चौकी भवन घडेरी निर्माण कैलाश-९

३-गाँउघर क्लनिक भवन झ्यालढोका तथा मर्मत योजना कैलाश-२

नि.नं.-२३-गोगने स्वास्थ्य चौकीको घडेरी निर्माण गर्नको लागी बिनियोजन गरेको रकम रु.६ लाखबाट काम अधुरो भई सम्पन्न गर्नको लागी थप बजेट मागको लागी निबेदन पर्न आएकोमा यस गाँउपालिका आकष्मिक कोष(पुर्बाधार पुजिगत) बाट रु.४ लाख थप बिनियोजन गर्ने निर्णय गरियो।

नि.नं.२४-प्रा.बि.कटहरे कैलाश-५को घडेरी निर्माण गर्नको लागी रु.१,२०,०००।(आकष्मिक कोष पुर्बाधार) बाट दिने निर्णय गरियो।

नि.नं.-२५-भवानी मा.बि.कैलाश-३को घडेरी निर्माण गर्नको लागी रु.५०००००।(पाँचलाख)आकष्मिक कोष बाट बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

नि.नं.२६-गाँउपालिकाको स्वास्थ्य चौकीहरुमा औषधी तथा फ्रिज ढुवानीको लागी रु.२००००।(बिस हजार)चालु खर्चको अन्य भाडा शिर्षकबाट दिने निर्णय गरियो।

नि.नं.२७-गाँउपालिकाको कार्यक्रम बमोजिम खरको छाना बिस्थापित योजना बमोजिम १० वटै वडामा घर छनौट गर्नको लागी वडा कार्यालयलाई छनौट गरि ल्याउनको लागी मिति२०७५ चैत्र १५ गते सम्ममा गाँउपालिकामा बिवरण पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.२८-गाँउपालिकाको शिक्षा शाखामा शाखा हेर्ने संयोजक नभई कार्यक्रम संचालन गर्न नसकिएकोले हाललाई यसै भवानी मा.बि.का प्र.अ.श्री सुमन लामालाई उक्त बिधालयको काममा बाधा नपर्ने गरी गाँउपालिकाको शिक्षा एन २०७५को दफा १९ को (क) र दफा ३६को उप दफा २ मा गाँउपालिकाको शिक्षा शाखामा कामकाज गर्नको लागी खटाउने निर्णय गरियो।

नि.नं.२९- यस गाँउपालिकाका प्राविधिक बिषय लिइ अध्ययनरत रहेका जेहन्दार,आर्थिक कमजोर भएका छात्र छात्राहरुलाई गाँउपालिकाबाट छात्रवृद्धी रकम बितरण गर्नको लागी मिति २०७५ चैत्र १० गतेको म्याद दिई सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

नि.नं.-३०-वडा नं.१ कार्यालय भवन सम्म सडकबाटो निर्माण गर्नको लागी रु.६००००।(साठी हजार)आकष्मिक कोष पुर्बाधार बाट दिने निर्णय गरियो ।

नि.नं.३१- गाँउसभाको तयारी बैठक मिति २०७५।११।११ र१२ गते बस्ने सो बैटकबाट गाँउसभाको मिति तय गर्ने निर्णय गरियो ।

नि.नं.३२ गाँउपालिकाको १० वडामा सडक सन्जालको बर्गिकरण गरि गाँउपालिकाको गाँउसभा भित्रमा वडाबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.३३-यस गाँउपालिकाको वडा नं.३ स्थित सरकारी कार्यालयहरुले चर्चेको जग्गाको बिषयमा जनगुनासो आएकोले व्यक्ती तथा सरकारी कार्यालयहरुको जग्गा एकिन गर्नको लागी नापी कार्यालयबाट अमिन खटाउनको लागी नापी कार्यालय संग समन्वय गर्नको लागी गाँउपालिकाका उपाध्यक्ष ज्युलाई जिम्मा दिने निर्णय गरियो ।

आजको बैठकबाट उपरोक्त निर्णय गरि समाप्त गरियो ।